"कला, संस्कृतियुक्त, स्वच्छ, समुन्नत टोखा नगर"

# टोखा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

मैजुहिटी, काठमाडौं
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- ०८०/०८१

चलानी नं :- ४६०५

मिति: २०८०।१२।३०

श्री स्थानीय युवा विद्यार्थीहरू,
टोखा नगरपालिका, काठमाडौं ।

**विषय:कविता प्रतियोगितामा सहभागी हुने सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस नगरपालिकाको आ.व. २०८०।८१ को स्वीकृत कार्यक्रम अनुसार छहरा साहित्य समाजले मिति २०८१।०१।१५ गते कविता लेखन प्रतियोगिता आयोजना गरेको हुँदा सो प्रतियोगितामा भाग लिन इच्छुक यस नगरपालिका क्षेत्रभित्रका युवा विद्यार्थीहरुले तपसिल बमोजिमको शर्तहरू पूरागरी मिति २०८१।०१।११ गतेभित्र आफ्नो कविता खामबन्दी गरी आफैं उपस्थित भई वा आफ्नो प्रतिनिधिमार्फत द ह्वाइट माउन्टेन स्कुल टोखा ६ मा बुझाउनुहुन अनुरोध छ ।

**तपसिल:**

१. कविता गद्य वा पद्यमा १५० शब्दमा नबढाई नेपाली भाषामा लेखिएको हुनुपर्ने छ ।
२. कविता जातीय, लैङ्गिक, साम्प्रदायिक र राजनीतिक आक्षेप लगाउने खालको हुनुहुँदैन ।
३. टोखा नगरपालिकाभित्र बसोबास गर्ने क्याम्पस वा माध्यमिक विद्यालयमा अध्ययनरत युवा विद्यार्थीहरुले मात्र प्रतियोगितामा भाग लिन सक्नेछन् ।
४. कविता मौलिक हुनुका साथै कुनै माध्यमबाट प्रकाशित वा प्रसारित भएको हुनु हुँदैन ।
५. प्रतियोगितामा भाग लिन इच्छुक युवा कविहरुले आफ्नो नाम, ठेगाना र सम्पर्क नम्बर उल्लेख गरी एकप्रति पासपोर्ट साइजको फोटो अनिवार्य रुपमा पठाउनु पर्नेछ ।
६. मूल्याङ्कनका आधारमा कविताहरू छनोट गरिने छ । प्रतियोगिताको निम्ति प्राप्त भएका सबै कविता वाचन गर्न समय अपुग हुने देखिएमा उत्कृष्टताका आधारमा क्रमश: वाचन गर्ने अवसर दिइने छ ।
७. कवि गोष्ठी ह्वाइट माउन्टेन स्कुल, धापासीको सभा हलमा सम्पन्न हुनेछ ।
८. प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने कविहरुलाई क्रमश: रु. १००००, रु. ७००० र रु. ४००० नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिने छ ।
९. समयभित्र प्राप्त नभएका र तोकिएको मापदण्ड विपरितका कवितालाई मूल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन ।

..............................
बाबुराम गौतम
प्रमुख शिक्षा अधिकृत